# परियत्ति बुलेटीन

वर्ष - ६  अंक - ४  बु.सं. २५४९  वि.सं. २०६२  नें.सं. ११२६, कछलाथ्वः  ई.सं.२००५


सुत्तन्तेसु असन्तेसु, पमुट्ठे विनयम्हि च ।
तमो भविस्सति लोको, सुरिये अत्थङ्गते यथा ॥
सुत्तन्ते रक्खिते सन्ते, पटिपत्ति होति रक्खिता ।
पटिपत्तियं ठितो धीरो, योगक्खेमा न धंसति ॥

अर्थ – सूत्र रहेन भने र विनय नष्ट भयो भने यो लोक त्यस्तै प्रकारले अन्धकारपूर्ण हुन्छ, जसरी सूर्य अस्ताउँदा हुन्छ । सूत्र रक्षा भइरहयो भने प्रतिपत्ति रक्षा हुन्छ, प्रतिपत्तिमा स्थिर भइरहने धीर पण्डित योगक्षेम निर्वाण प्राप्त गर्नमा विमुख हुँदैन । मनोरथपूरणी (अं.नि. अटठ्कथा)

## सम्पादकीय

### नयाँ बौद्ध विश्वविद्यालय र परियत्ति शिक्षा

*नेपालको बौद्ध परियत्ति शिक्षा झण्डै ४४ वर्ष अगाडिदेखि संचालन हुँदै आइरहेको नेपालको पहिलो बुद्धधर्म सम्बन्धि शिक्षण संस्था हो । हालसम्म यस शिक्षाबाट हजारौं विद्यार्थीहरूले बुद्धधर्म सिक्ने मौका प्राप्त गरिसकेका छन् । बालक हृदयको गहिराइमा बुद्धको शिक्षा पुऱ्याएर एकातिर यस संस्थाले इमान्दार र नैतिकवान नागरिक तयार पार्न महत्वपूर्ण योगदान गरेको छ भने अर्कोतिर बुद्ध शिक्षालाई सिलसिलेबार अध्यापन गर्ने कार्यले बुद्धको गहनतम शिक्षा बुझ्न महत्वपूर्ण भूमिका खेलेको छ । १० वर्षसम्मको पाठ्यांश निर्धारण गरेर अक्षुण्ण रूपमा संचालित यस परियत्ति शिक्षण संस्था नेपालको बौद्ध क्षेत्रको महत्वपूर्ण अंग बनिसकेको छ ।*

*धेरै समयको अन्तरालपछि उच्च शिक्षण संस्थाका बुद्धधर्म पठनपाठन गर्न त्रिभुवन विश्वविद्यालयले केन्द्रीय बौद्ध अध्ययन विभाग खडा गरेर अध्यापन कार्य प्रारम्भ गरीसकेको छ भने हालसालै मात्र लुम्बिनी बौद्ध विश्वविद्यालय स्थापना भएको छ । यो सम्पूर्ण बौद्धहरूको लागि सौमनस्यपूर्ण विषय बनेको छ । एकातिर यसले बुद्ध जन्मेको देशलाई बुद्ध शिक्षाको केन्द्रको रूपमा विकास गर्न योगदान गर्नेछ भने अर्कोतिर बुद्ध शिक्षाप्रति जागरण ल्याई शील, समाधि र प्रज्ञाको विकास गरी क्षान्ति र सुव्यवस्थित समाज निर्माण गर्न मद्दत गर्नेछ ।*

*औपचारिक रूपमा खोलिएका यी विश्वविद्यालयहरूप्रति सकारात्मक हुँदै त्यसको उत्तरोत्तर प्रगति गर्नु सम्पूर्ण बौद्धहरू र विशेषगरी नेपाल बौद्ध परियत्ति शिक्षाको पनि कर्तव्य भएको छ ।*

*बुद्ध शिक्षाको प्रचार-प्रसारमा संलग्न नेपाल बौद्ध परियत्ति शिक्षाले अब आएर त्यस्ता संस्थाहरूलाई सम्बर्द्धन गर्न सक्दो योगदान गर्नु आवश्यक छ भने त्यस्ता उच्च शिक्षण संस्थाबाट परियत्ति शिक्षालाई मान्यता दिलाउन कसरी सम्बन्धन प्राप्त गर्ने भन्ने सोच्ने बेला आएको छ । यसको लागि विज्ञजनहरूबाट ठोस मार्ग निर्देशन लिएर पाइला चाल्नु आवश्यक भैसकेको छ ।*

*हुनतः परियत्ति शिक्षाको आफ्नै पाठ्यक्रम छ । यसले विद्यार्थीहरूलाई बौद्ध पण्डित बनाउनु भन्दा पनि बुद्ध शिक्षामा संस्कारित पार्नु आफ्नो मूल लक्ष्य लिएको छ । तर परिवर्तित सन्दर्भमा यसलाई औपचारिक उच्च शिक्षण संस्थाबाट मान्यता दिलाउन सकेमा यसको गरिमा अझ बढ्ने कुरामा शंका छैन । त्यसका लागि आवश्यक पूर्वाधारहरू तयार गर्ने, परियत्ति विद्यार्थीहरूलाई यस्ता उच्च विश्वविद्यालयमा अध्ययन र अध्यापन गराउने सेतुको रूपमा प्रस्तुत हुनुपर्ने उत्तरदायित्व नेपाल बौद्ध परियत्ति शिक्षाको काँधमा आएको छ ।*

"पञ्ञा नरानं रतनं"

***बुद्धभूमि नेपाल अधिराज्यमा शान्ति, सुव्यवस्था, सदाचार र विकासको लागि बुद्धको मौलिक सन्देश परियत्ति शिक्षालाई सरकारी, गैरसरकारी संस्था एवं संचारमाध्यमबाट सम्पूर्ण जनमानसमा यसलाई फुलाऔं, फैलाऔं ।***

नेपाल बौद्ध परियत्ति शिक्षाको आयोजना तथा सुखी होतु नेपालको प्रमुख व्यवस्थापनमा सम्पन्न "प्रथम परियत्ति सन्निपात-२५४९" (बृहत्-भेला) मा पारित सन्देश

## बौद्ध परियति शिक्षाको समाचार सार संक्षेप :

### नेपाल बौद्ध परियत्ति शिक्षाको तेस्रो वार्षिक सभा

नेपाल बौद्ध परियत्ति शिक्षा सभाको तेस्रो बार्षिक सभा मिति २०६२ वैशाख १७ गते शनिबार होटल ब्ल्यूस्टार, त्रिपुरेश्वरमा सु-सम्पन्न भयो ।

कार्यक्रममा ने.बौ.प.शि.का सह-शिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविर, केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञान, पाठ्यक्रम निर्माण तथा प्रकाशन समितिका संयोजक भिक्षु कोण्डन्य, शिक्षक/शिक्षिका शिक्षण समितिका संयोजिका अनागारिका ज्ञाणवती, व्यवस्थापन समितिका सह-संयोजक ठाकुरमान शाक्यले आ-आफ्ना समितिका प्रतिवेदनहरू प्रस्तुत गर्नुभएको थियो ।

अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष श्रद्धेय भिक्षु कुमारकाश्यप महास्थविरको सभापतित्वमा सम्पन्न उक्त सभामा भिक्षुगण, अनागारिकाहरू, ने.बौ.प.शिक्षा सभाका सदस्यहरू र अरू आमन्त्रित व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

उक्त सभा गर्न हलको व्यवस्था, भिक्षुमहासंघ र सभाका सहभागीहरूको लागि भोजनको व्यवस्था गत वर्ष झैं होटल ब्ल्यूस्टारका प्रोप्राइटर श्री कुलविरसिंह तुलाधर र उहाँको परिवारको सौजन्यबाट प्राप्त भएको थियो ।

❁ ❁ ❁

### भिक्षु कुमारकाश्यप महास्थविरको नाममा धार्मिक कोष

अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष, आनन्दकुटी विहार गुठीका अध्यक्ष, नेपाल लिपि गुठीका संरक्षक त्रिपिटकाचार्य भिक्षु कुमारकाश्यप महास्थविरको नाममा *'आचार्य भिक्षु कुमारकाश्यप धार्मिक कोष'* हालै स्थापना गरिएको छ । बुद्धधर्म, बौद्ध संस्कृति, दर्शन, इतिहास क्षेत्र, नेपाल भाषा साहित्य तथा लिपि क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरू तथा संघ-संस्थालाई आर्थिक सहायता, सम्बन्धित वर्गलाई छात्रवृत्ति, प्रव्रजितहरूलाई पनि सक्दो स्वास्थ्योपचारमा सहायता पुऱ्याउने उद्देश्यले गठित सो कोषको संयोजकमा भिक्षु कोण्डन्य र सदस्यमा भक्तदास मानन्धर, भ्गोछें र प्रकाशबहादुर मानन्धर, कालिमाटी रहनुभएको छ ।

उक्त कोषको निर्णयानुसार मिति २०६२ साल बैशाख १७ गते होटल ब्ल्यूस्टारमा आयोजित नेपाल बौद्ध परियत्ति शिक्षाको तेस्रो वार्षिक सभामा नेपाल बौद्ध परियत्ति शिक्षालाई सहयोग स्वरूप रू. १,०६५५५/- रकम ने.बौ.प.शि.का सह-शिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई हस्तान्तरण गरिएको थियो ।

❁ ❁ ❁

### तेश्रो लघु परियत्ति शिक्षक/शिक्षिका तालिम सम्पन्न

गत २०६२ भाद्र १० गते शुक्रबार र ११ गते शनिबार दुईदिने तेश्रो लघु परियत्ति शिक्षक/शिक्षिका तालिम कार्यक्रम ने.बौ.प.शि.को सम्पर्क सचिवालय विश्व शान्ति विहार, मीनभवनमा सम्पन्न भयो । नेपाल बौद्ध परियत्ति शिक्षा अन्तर्गत शिक्षक - शिक्षिका शिक्षण समितिको आयोजनामा भएको उक्त कार्यक्रममा क्रमशः तालिम कार्यक्रमका संयोजक अनागारिका ज्ञाणवती, भिक्षु निग्रोध, भिक्षु संघरक्षित, सुश्री अमिता धाख्वा, डा. सुमन कमल तुलाधर, सुश्री सविता 'धाख्वा' शाक्यले विभिन्न



विषयमा प्रशिक्षण दिनुभएको थियो । विभिन्न परियत्ति केन्द्रका कूल ४३ जना शिक्षक/शिक्षिकाहरूको सहभागीता रहेको उक्त तालिम कार्यक्रमका सहभागी सबैलाई मिति २०६२ भाद्र ११ गते ने.बौ.प.शि.का सह-शिक्षाध्यक्ष श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरले प्रमाण-पत्र प्रदान गर्नुभएको थियो ।

❁ ❁ ❁


### "प्रथम वृहत परियत्ति सन्निपात - २५४९"

गत ४० वर्षदेखि बुद्धको जन्मभूमि नेपालमा निरन्तर रूपमा संचालन हुँदै आएको नेपाल बौद्ध परियत्ति शिक्षाका वर्तमान विद्यार्थी, पुराना विद्यार्थी, शिक्षक/शिक्षिका र श्रद्धालु शुभेच्छुक दाताहरूको बृहत् भेला *'परियत्ति सन्निपात - २५४९'* गत २०६२ साल असोज १५ गते शनिवार त्रिभुवन विश्वविद्यालयको दीक्षान्त समारोह स्थलमा सम्पन्न भयो । परियत्ति शासनलाई भविष्यमा अझ बढी परिमार्जित रूपमा कसरी लाने भन्ने विषयसम्बन्धी बृहत् छलफल भएको सो भेलामा नेपाल अधिराज्यभित्र संचालनमा आइराखेको बौद्ध परियत्ति शिक्षाका केन्द्रहरूबाट करिब १६०० जनाको सहभागीता रहेका थिए । सुखी होतु नेपालको प्रमुख



व्यवस्थापनमा तथा नेपाल बौद्ध परियत्ति शिक्षाको आयोजनामा सम्पन्न सो भेलामा विभिन्न परियत्ति केन्द्रका विद्यार्थीहरूबाट परियत्ति धर्मको मर्म अनुकूलका गीत, नृत्य, मुक्तक, नाटक, लघु नाटक, कविता लगायतका प्रतिभा पनि प्रदर्शन गरिएको थियो । विहान ७ बजेदेखि आरम्भ भएको सो कार्यक्रममा सहभागी विद्यार्थीहरूलाई न्यूनतम दर्ता शुल्कमा विहान, दिउँसो र साँझ गरी तीनपटक खाने बन्दोबस्त व्यवस्था गरिएको थियो । सोही दिन दिउँसो नेपाल बौद्ध परियत्ति शिक्षाका सह-शिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरको सभापतित्वमा विशेष परियत्ति भेलाको पनि आयोजना गरिएको थियो । अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु कुमारकाश्यप महास्थविरको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रमको

आरम्भमा भिक्षु अश्वघोष महास्थविरसमक्ष शीलप्रार्थना गरिएको थियो । परियत्ति शिक्षाका परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञानबाट स्वागत मन्तव्य गरिएको सो कार्यक्रममा दीपंकर परियत्ति शिक्षालयबाट स्वागत नृत्य प्रस्तुत गरिएको थियो । कार्यक्रमको सफलताको कामना गर्दै अ.नै.भि.महासंघ, ने.बौ.प.शि. र श्रीलंकाका राजदूतबाट प्राप्त सन्देश त्रिरत्न मानन्धरले वाचन गरिएको थियो । कार्यक्रममा अ.ने.भि.महासंघका सचिव एवं कार्यक्रम आयोजक समितिका संयोजक भिक्षु कोण्डन्य, लुम्बिनी विश्वविद्यालयका उपकुलपति डा. तुलसीराम बैद्य, रजिष्ट्रार केदार शाक्य, भिक्षु कुमारकाश्यप महास्थविर, भिक्षु अश्वघोष, अनागारिका सुजाता, डा. केशरीलक्ष्मी मानन्धर लगायतले आ-आफ्नो मन्तव्य प्रकट गर्नुभएको



थियो । सभापतित्वको आसनबाट बोल्नुहुँदै भिक्षु ज्ञानपूर्णिक महास्थविरले परियत्ति शिक्षाको चिरस्थायी र उत्तरोत्तर प्रगतिको कामना गर्नुभएको थियो । कार्यक्रमको अन्तमा प्रमुख अतिथि भिक्षु कुमारकाश्यप महास्थविरले उक्त भेलाले पारित सन्देश *'बुद्धभूमि नेपाल अधिराज्यमा शान्ति, सुव्यवस्था, सदाचार र विकासको लागि बुद्धको मौलिक सन्देश परियत्ति शिक्षालाई सरकारी, गैरसरकारी संस्था एवं संचारमाध्यमबाट सम्पूर्ण जनमानसमा यसलाई फुलाऔं, फैलाऔं ।'* उपस्थित श्रद्धालु महानुभावहरू द्वारा सश्रद्धापूर्वक तीनपटक साधुकार दिइ सभा समापन भएको थियो । थुप्रै गण्यमान्य व्यक्तित्वहरूको उपस्थिति रहेको सो कार्यक्रममा धन्यवादज्ञापन भिक्षु संघरक्षितबाट भएको थियो भने कार्यक्रम संचालन भिक्षु निग्रोधले गर्नुभएको थियो ।

❀❀❀

## "परियत्ति धम्म कप – २५४९ सम्पन्न"

नेपालका दोस्रो ज्येष्ठ संघउपनायक तथा नेपाल बौद्ध परियत्ति शिक्षाका संस्थापक शिक्षाध्यक्ष श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरको ८५ औं जन्मदिनका अवसरमा सुखी होतु नेपालको आयोजनामा गत असोज १८ गतेदेखि २२ गतेसम्म नेपाल अधिराज्यभरीका ३० वटा परियत्ति केन्द्रहरूका विद्यार्थीहरूबीच *"प्रथम परियत्ति धम्म कप – २५४९"* काठमाडौंको परोपकार आदर्श उच्च मा.वि.को भवनमा सम्पन्न भयो ।



उक्त प्रतियोगितामा ३ पटक जित्ने जुनसुकै केन्द्रले शील्ड स्थायीरूपमा राख्न पाउने व्यवस्था भएको सो शील्ड यसपटक पाटनको नागबहालस्थित दीपंकर परियत्ति शिक्षालयले हात पार्न सफल भएकोछ । त्यसरी नै दोस्रो स्थानमा चापागाउँको ज्योति विहार परियत्ति केन्द्र र तेस्रो



स्थानमा पाटनकै थैनास्थित शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय रहेका छन् । फाइनल प्रतियोगितामा बेलुवनाराम परियत्ति केन्द्र, ठेचो, विश्वशान्ति विहार परियत्ति केन्द्र, मीनभवन, लुम्बिनी परियत्ति केन्द्र, लुम्बिनी र परोपकार मा.वि केन्द्र, भीमसेनस्थान पनि समावेश रहेको थियो ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त केन्द्रका विद्यार्थीहरू तथा फाइनलमा पुग्न सफल केन्द्रका विद्यार्थीहरूलाई माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री श्री बुद्धिराज बज्राचार्यले शील्ड, पुरस्कार, पदक तथा नगद पुरस्कार वितरण गर्नुभएको थियो ।

❀❀❀

## अ.ने.भि. महासंघको सचिव पदमा नियुक्ति

भिक्षु बोधिसेन महास्थविरले अखिल नेपाल भिक्षु महासंघको सचिव पदबाट राजीनामा पेश गरेकोमा १० श्रावण, २०६२ बसेको अ.ने.भि.महासंघको बैठकले स्वीकार गरी सर्वसम्मतिबाट रिक्त रहेको उक्त सचिव पदमा विधानसम्मत बाँकी रहेको कार्यकालको लागि भिक्षु कोण्डन्यलाई नियुक्ति गरियो । उहाँ नेपाल बौद्ध परियत्ति शिक्षा पाठ्यक्रम निर्माण तथा प्रकाशन समितिका संयोजक हुनुहुन्छ ।

❀❀❀

## लुम्बिनी बौद्ध विश्वविद्यालय सम्बन्धी छलफल कार्यक्रम

मिति २०६२ कार्तिक ९ गते बुधबार विश्वशान्ति विहार, मीनभवनमा लुम्बिनी बौद्ध विश्वविद्यालय अन्तर्गत थेरवाद बुद्धधर्म अध्ययन संकायको परिकल्पना निरपेक्ष रूपमा संचालन गर्ने सोचको सम्बन्धमा बैठक भयो । उक्त बैठकले अ.ने.भि.महासंघका उपाध्यक्ष एवं नेपाल बौद्ध परियत्ति शिक्षाका सह-शिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरको अध्यक्षतामा एउटा समिति गठन गरी लुम्बिनी बौद्ध विश्वविद्यालयमा थेरवाद बुद्धधर्मको निरपेक्ष संकाय खडा गर्ने आवश्यक पहल र कामकार्बाही अगाडि बढाउने निर्णय भयो ।

❀❀❀

## हाजिरी जवाफ प्रतियोगिता

### मैत्रेय युवा संघ, भक्तपुर

२५४९ औं बुद्ध पूर्णिमाको अवसरमा मैत्रेय युवा संघ, भक्तपुरको आयोजनामा भक्तपुरका परियत्ति केन्द्रका परीक्षार्थीहरूको बीचमा बौद्ध हाजिरी जवाफ प्रतियोगिता मिति २०६२ साल जेठ २८ गते सम्पन्न भयो । प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो र सान्त्वना हुने समूहहरू क्रमशः संघ, शील, प्रज्ञा र बुद्धका विद्यार्थीहरूलाई भिक्षु अश्वघोष महास्थविरबाट

पुरस्कार तथा उपहार वितरण गर्ने कार्य सम्पन्न भयो । बौद्ध समंकृत विहारमा आयोजित तथा संघका अध्यक्ष तिर्थराज बज्राचार्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा स्वागत भाषण लक्ष्मीचन्द्र बज्राचार्य गर्नुभएको थियो भने कार्यक्रम संचालन सविना शाक्यले गर्नुभएको थियो । फाइनल चरणको प्रतियोगिता देवचन्द्र बज्राचार्यले संचालन गर्नुभएको उक्त कार्यक्रममा रत्नसुन्दर शाक्य र वासुदेव देशार निर्णायक भै सहयोग पुऱ्याउनु भएको थियो ।

❁❁❁

## पुरस्कार वितरण कार्यक्रम

*बु. सं. २५४८ (वि. सं. २०६१) वर्षको दीक्षान्त समारोह सम्पन्न*

गत २०६१ चैत्र २७ गते शनिवारको दिन अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षाको ४२ औं दीक्षान्त समारोह विश्वशान्ति विहार, बानेश्वरमा सम्पन्न भयो ।

अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु कुमारकाश्यप महास्थविरको प्रमुख आतिथ्यमा सम्पन्न सो समारोहका सभापतित्व नेपाल बौद्ध परियत्ति शिक्षाका सह-शिक्षाध्यक्ष श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरले गर्नुभएको थियो । विगत ४१ वर्षदेखि संचालित परियत्ति शिक्षामा "परियत्ति सद्धम्म कोविद उपाधि" उत्तीर्ण गर्नुहुने व्यक्तित्वहरूलाई पनि सो समारोहमा प्रमुख अतिथिबाट स्वर्णपदक प्रदान गरिएको थियो । पञ्चशील प्रार्थनाबाट प्रारम्भ भएको समारोहमा पाठ्यक्रम निर्माण तथा प्रकाशन समितिका संयोजक भिक्षु कोण्डन्यले स्वागत मन्तव्य दिनुभएको थियो । सह-शिक्षाध्यक्षबाट सबैलाई परियत्ति प्रतिज्ञा गराउनु भए पश्चात् केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञानबाट परीक्षा प्रतिवेदन प्रस्तुत गर्नुभयो । परियत्ति शिक्षाको महत्वलाई लिएर सुश्री सविता शाक्यले मन्तव्य दिनुभएको थियो । प्रमुख अतिथिबाट स्वर्णपदक प्रदान गर्नु भएपश्चात श्रीलंकाका महामहिम राजदूत Grace Ammal Ashirwartham बाट प्रारम्भिक प्रथम (कक्षा १) देखि सद्धम्म पालक उपाधि (कक्षा ७) सम्म बोर्ड आउनेहरूलाई प्रमाण-पत्र वितरण गर्नुका साथै मन्तव्य व्यक्त गर्नुभयो । त्यसपछि बोर्ड प्राप्त विद्यार्थीहरूलाई प्रज्ञानन्द स्मृति पुरस्कार, सानुराजा तथा शोभा शाक्यबाट नगद पुरस्कार, सुशीला अनागारिका स्मृति कोषबाट पुरस्कार पनि प्रदान गरिएको थियो । त्यसपछि प्रमुख अतिथिबाट मन्तव्य र परीक्षा समितिका सदस्य भिक्षु संघरक्षितबाट धन्यवाद ज्ञापन गरिएको सो समारोह भिक्षु निग्रोधले संचालन गर्नुभएको थियो ।

❁❁❁

### सुवर्ण छत्रपुर विहार, लुभु

सम्माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बुद्धिराज बज्राचार्यको प्रमुख आतिथ्यत्वमा एक समारोहका बीच मिति २०६१ साल चैत्र २० गते यस केन्द्रबाट गत वर्षको ने.बौ.प.शि.को परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्ने कार्य सम्पन्न भएको छ ।

❁❁❁

### दीपंकर परियत्ति शिक्षालय, नागबहाल

मिति २०६२ साल बैशाख ६ गते दीपंकर परियत्ति शिक्षालय नागबहालमा आयोजित कार्यक्रममा बु.सं. २५४८ वर्षको परीक्षामा दीपंकर परियत्ति शिक्षालय तथा आदर्श सरल मा.वि., नागबहालका विद्यार्थीहरूलाई प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बुद्धिराज बज्राचार्यले पुरस्कार प्रदान गर्नुभयो । अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष तथा ने.बौ.प.शि.का सह-शिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा स्वागत भाषण अनागारिका सुजाताले, शिक्षालयको आर्थिक प्रतिवेदन हेराकाजि सुजिका, प्रगति प्रतिवेदन केन्द्राध्यक्ष सुश्री अमिता धाख्वाले प्रस्तुत गरिएको थियो भने परीक्षार्थी मोनिष बज्राचार्यले परियत्ति शिक्षाको अनुभवबारे बोल्नुभएको थियो । सुश्री सति धाख्वाले संचालन गर्नुभएको उक्त कार्यक्रममा धन्यवाद ज्ञापन शिक्षालयका उपाध्यक्ष हेराकाजि शाक्यद्वारा भएको थियो ।

❁❁❁

### जगतसुन्दर ब्वनेकुथी, चागः, डल्लु

मिति २०६२ साल बैशाख १० गते बु.सं. २५४८ वर्षको ने.बौ.प.शि.को परीक्षामा यस केन्द्रबाट उत्तीर्ण विद्यार्थीहरूलाई प्रमुख अतिथि जनकवि दुर्गालाल श्रेष्ठले पुरस्कार प्रदान गर्नुभयो । केन्द्रका अध्यक्ष राजभाइ जकःमिको सभापतित्वमा संचालित सो कार्यक्रममा केन्द्राध्यक्ष माया मानन्धरले वार्षिक प्रतिवेदन पेश गरिएको थियो भने प्रमुख अतिथिबाट परियत्ति शिक्षक-शिक्षिकाहरूलाई स्मृति चिन्ह प्रदान गरिएको थियो । कार्यक्रममा ज्यापु महागुठीका अध्यक्ष विपिन महर्जन, लिजःका अध्यक्ष नवीन चित्रकार र परियत्ति शिक्षक त्रिरत्न मानन्धरले परियत्ति शिक्षाको महत्वमाथि प्रकाश पार्नुभएको थियो ।

❁❁❁

### कसाः तधं गुठी परियत्ति केन्द्र, ठमेल

२०६२ बैशाख १० गते कसाः तधं गुठी परियत्ति केन्द्र, ठमेलमा प्रमुख आतिथि अ.ने.भि.महासंघका अध्यक्ष श्रद्धेय भिक्षु कुमारकाश्यप महास्थविरले यस केन्द्रबाट वि.सं. २०६१ सालको परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई प्रमाण-पत्र तथा पुरस्कार वितरण गर्नुभयो । कार्यक्रममा ने.बौ.प.शि. का सह-शिक्षाध्यक्ष श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर, के.प.नि. भिक्षु बोधिज्ञान, अ. धम्मवती, ज्ञानी गुरूजु, सुशीलवीर सिंह कसाः, विद्यार्थी स्वर्णिम कसाःले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो । अमरज्योति कसाःको सभापतित्वमा भएको उक्त कार्यक्रममा स्वागत मन्तव्य देशरत्न कसाः, प्रतिवेदन प्रस्तुत जगतरत्न कसाःले गर्नुभएको थियो ।

❁❁❁

### मुनि विहार परियत्ति केन्द्र, भक्तपुर

१७ वैशाख २०६२ । बु.सं. २५४८ का परियत्ति शिक्षाका विभिन्न कक्षाहरूमा उत्तीर्ण विद्यार्थीहरूलाई मुनि विहारमा प्रमुख अतिथि भिक्षु विपस्सी धम्मारामोले प्रमाण-पत्र र पुरस्कार प्रदान गरी सम्मान गरियो । पञ्चशील प्रार्थनाबाट शुरू भएको कार्यक्रममा परीक्षार्थीहरूको तर्फबाट तुलसीकाजी मानन्धर, रोजिना बज्राचार्य, सोना अवाल, सविना शाक्य, सुजन शाक्यले परियत्ति शिक्षाको महत्वबारे बोल्नुभएको थियो । त्यस्तै अभिभावकको तर्फबाट प्रदिपरत्न शाक्य र प्रशिक्षार्थीकोतर्फबाट लक्ष्मीचन्द्र बज्राचार्यले बोल्नुभएको थियो भने परियत्ति शिक्षा केन्द्रतर्फबाट भिक्षु बोधिज्ञानले परियत्ति सम्बन्धी विस्तृत जानकारी दिनुभयो । युवा बौद्ध पुचः र मैत्रेय युवा संघको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रममा तिर्थराज बज्राचार्यले स्वागत मन्तव्य दिनुभयो भने धर्मरत्न शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो । रामकृष्ण वैद्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन उत्तमतारा बज्राचार्यले गर्नुभएको थियो ।

❁❁❁

## परोपकार मा.वि., काठमाडौं

२०६२ बैशाख ३१ गतेका दिन बुद्ध विहार, भृकुटी मण्डपमा बौद्ध महिला संघ नेपालको आयोजनामा २५४९ औं बुद्ध पूर्णिमाको पावन अवसरमा श्रीलंकाका महामहिम राजदूत श्रीमती ग्रेस अमल आशिर्वादम्को प्रमुख आतिथ्यमा एक समारोहको आयोजना गरी बुद्ध पूर्णिमा महोसत्व मनाइयो । सोही कार्यक्रममा परोपकार मा. वि. परियत्ति केन्द्रबाट बु.सं. २५४८ वर्षमा बोर्ड स्थान प्राप्त तथा उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्ने कार्य सम्पन्न भयो ।

❁❁❁

## धर्मकीर्ति विहार, नघःल, काठमाडौं

गत २०६२ बैशाख ३१ गते यस केन्द्रबाट बु.सं. २५४८ मा परियत्ति शिक्षाको परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरूलाई केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञानको प्रमुख आतिथ्यत्वमा तथा अनागारिका धम्मवतीको सभापतित्वमा पुरस्कार वितरण कार्य सम्पन्न भयो । कार्यक्रममा भिक्षु बोधिज्ञानबाट पञ्चशील प्रदान, अनागारिका अनुपमाबाट स्वागत भाषण, अनागारिका चमेलीबाट बु.सं. २५४८ वर्षको प्रतिवेदन दिनुभएको थियो भने दो गुणवतीले बौद्ध परियत्ति शिक्षाको महत्व माथि प्रकाश पार्नु भएको थियो ।

❁❁❁

## समग्र बौद्ध परियत्ति केन्द्र, कीर्तिपुर

२०६२ जेठ १ गते, गुतपौ, कीर्तिपुरमा त्रिरत्नकीर्ति विहार स्थापना भएको ४ वर्ष पुगेको उपलक्ष्यमा समग्र बौद्ध परियत्ति केन्द्रबाट वि.सं. २०६१ सालको परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई भिक्षु अश्वघोष महास्थविरले प्रमाण-पत्र तथा पुरस्कार वितरण गर्नुभयो । सम्माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बुद्धिराज बज्राचार्यबाट "त्रिरत्न कीर्ति" बौद्ध त्रैमासिक पत्रिका विमोचन भएको थियो ।

❁❁❁

## रानीपानी परियत्ति केन्द्र, काभ्रे

२०६२ जेठ ९ गते, बैशाख पूर्णिमा । यस केन्द्रबाट बु.सं. २५४८ वर्षमा उत्तीर्ण विद्यार्थीहरूलाई बुद्धपूर्णिमाको पावन अवसर पारेर एक समारोहका बीच श्रामणेरहरू नागित र जयन्तोको हातबाट पुरस्कार वितरण गरिएको छ । उक्त केन्द्र ई. दिनेश चौधरीको सकृयतामा संचालन हुँदै आएको छ ।

❁❁❁

## नगदेश विहार परियत्ति केन्द्र

जेठ ९ गते । २५४९ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा नगदेश बुद्ध विहार नगदेश, भक्तपुरमा बु.सं. २५४८ वर्षमा यस केन्द्रबाट उत्तीर्ण विद्यार्थीहरूलाई एक समारोहका बीच श्री न्हुच्छे कुमार सिंकेमनले पुरस्कार वितरण कार्यक्रम सम्पन्न भयो । शिवभक्त मेजुको सभापतित्वमा भएको सो कार्यक्रममा केन्द्राध्यक्ष कृष्ण कुमार प्रजापतिले बैशाख पूर्णिमाको महत्व विषयमा चर्चा गर्नुभएको थियो ।

❁❁❁

## भास्सरा मा.वि. परियत्ति केन्द्र, पूर्णचण्डी

२०६२ जेठ ९ गते, बैशाख पूर्णिमाको दिनमा यस केन्द्रबाट बु.सं. २५४८ वर्षमा उत्तीर्ण विद्यार्थीहरूलाई एक समारोहका बीच केन्द्राध्यक्ष अनागारिका आणवतीले पुरस्कार वितरण गरिएको छ ।

## विराट बौद्ध परियत्ति केन्द्र, विराटनगर

२०६२ जेठ ९ गते, बैशाख पूर्णिमाकै दिन यस विराट बौद्ध परियत्ति केन्द्रबाट वि.सं. २०६१ (बु.सं. २५४८) वर्षमा उत्तीर्ण विद्यार्थीहरूलाई एक समारोहका बीच पुरस्कार वितरण गरिएको छ ।

❁❁❁

## वेलुवनाराम विहार, ठेचो

२०६२ जेठ २१ गते शनिवार वेलुबनाराम विहार परियत्ति केन्द्र, ठेचोमा एक समारोहका बिच वि.सं. २०६१ सालको परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई श्रीलंकाका महामहिम राजदूत Grace Ammal Ashirwartham ले प्रमाण-पत्र तथा वितरण गर्नुभयो । कार्यक्रममा केन्द्रका केन्द्राध्यक्ष भिक्षु निग्रोध, शिक्षक वासुदेव देशार, नन्दमाया माली, शान्ति महर्जन 'ख' ले पनि बोल्नु भएको थियो ।

❁❁❁

## बोधिचर्या विहार परियत्ति केन्द्र, बनेपा

मिति २०६२ श्रावण १ गते शनिवार । बोधिसत्व ल्यायम्ह पुचःद्वारा संचालित बोधिचर्या विहार परियत्ति केन्द्रबाट बु.सं. २५४८ (वि.सं. २०६१) सालमा केन्द्रबाट उत्तीर्ण भएका विद्यार्थीहरूलाई भिक्षु राहुलले पुरस्कार वितरण गर्नुभयो । भिक्षु बोधिसेन महास्थविरको सभापतित्वमा भएको कार्यक्रममा के.प.नि. भिक्षु बोधिज्ञान, विद्यार्थीहरू विनीता वादे, दीपकरत्न शाक्यले मन्तव्य राख्नु भएको थियो । व्यवस्थापन समितिका अध्यक्ष निरन शाक्यले स्वागत भाषण भएको उक्त कार्यक्रम दिगेश शाक्यले संचालन गर्नुभएको थियो ।

❁❁❁

## ज्योति विहार परियत्ति केन्द्र, चापागाउँ

२०६२ असोज ८ गते शनिवारको दिन सम्माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बुद्धिराज बज्राचार्यको प्रमुख आतिथ्यत्वमा ज्योति विहार, चापागाउँमा एक समारोहका बीच बु.सं. २५४८ वर्षको ने.बौ.प.शि.को परीक्षामा यस केन्द्रबाट उत्तीर्ण भएका विद्यार्थीहरूलाई पुरस्कार वितरण कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञान, कृष्ण ब. देशार, निल ब. देशार, मोतिलाल शिल्पकार, नारायण देशार, राम देशारले बोल्नु भएको थियो ।

❁❁❁

## विभिन्न स्कूल तथा विद्यालयमा परियत्ति कक्षा संचालन

गत वर्ष जस्तै यस वर्ष पनि उपत्यकाका विभिन्न स्कूल तथा विद्यालयहरूमा अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षाको अध्यापन कार्य शुरू भइसकेको छ । ती स्कूल तथा विद्यालयहरूमा अध्यापनरत शिक्षक-शिक्षिकाहरू यसप्रकारका रहेका छन् :-

(१) कान्ति इश्वरी मा.वि., प्याफल, काठमाडौं
- (क) त्रिरत्न मानन्धर, चसान
- (ख) वीणा कंसाकार, क्षेत्रपाटी

(२) कन्या मन्दिर उच्च मा.वि., न्ह्योखा, काठमाडौं
- (क) वासुदेव देशार, चापागाउँ
- (ख) आरती रंजित, मजिपाट

(३) डि.ए.भि. स्कूल, जावलाखेल
- (क) दया खड्गी, कुमारीपाटी
- (ख) ललिता धाख्वा, नागबहाल
- (ग) शान्ति महर्जन, प्रयागपोखरी
- (घ) समिर महर्जन, नैकाप
- (ङ) विनोद कुमार पासवान, लुम्बिनी

(४) ललित विकास निम्न मा.वि., कुटीसौगल, ललितपुर
- (क) अमीर शाक्य, भ्रुटापोल
- (ख) अन्जु शाक्य, नागबहाल

(५) भानु मा.वि. (दरबार हाइस्कूल), रानीपोखरी, काठमाडौं
- (क) श्रामणेर जनक, विश्व शान्ति विहार
- (ख) अ. सुभवती, धर्मकीर्ति विहार
- (ग) अ. सुरम्मावती, धर्मकीर्ति विहार

(६) आदर्श सरल मा.वि., नागबहाल
- (क) अ. सुजाता
- (ख) अ. अमरावती
- (ग) अ. चारूजाणी
- (घ) अ. धम्मचारी

❁❁❁


## अनुरोध

तपाईको परियत्ति केन्द्रको विविध गतिविधिहरू, परियत्ति शिक्षासँग सम्बन्धित लेख, रचनाहरू सफा र स्पष्ट अक्षरमा परियत्ति सम्पर्क सचिवालयमा पठाई सहयोग गरिदिनुहुन विनम्र अनुरोध गरिन्छ।

## अनुरोध

आफ्ना बाल-बालिकाहरूलाई बौद्ध परियत्ति शिक्षा पढ्न दिई नैतिकवान् र सच्चरित्रवान् बनाउन सहयोग पुऱ्याऔं।


वि.सं. २०६२ असोज १५ गते सम्पन्न "पहिलो वृहत् परियत्ति सन्निपात - २५४९" को आय तथा व्यय हिसाब यस प्रकार रहेको छः-

### पहिलो बौद्ध परियत्ति सन्निपात

आ.व. ०६२ सालको

आय व्यय विवरण

| सि.नं. | विवरण | व्यय रकम | आय रकम |
|---|---|---|---|
| | (क) आयः | | |
| १ | चन्दाबाट संकलन १ | | ८९,६३८/- |
| | टिकट बिक्रिबाट संकलन | | ४०,२००/- |
| | ख) व्ययः | | |
| १ | खाना | ५२,०९२/- | |
| २ | तरकारी | १४,४१९/- | |
| ३ | मसला | २,६७०/- | |
| ४ | पानी तथा पेय पदार्थ | १०,७२५/- | |
| ५ | फलफूल | ७५०/- | |
| ६ | इन्धन | ७,५००/- | |
| ७ | बिजुली सामान | ५,५४५/- | |
| ८ | ज्याला | ५,८४५/- | |
| ९ | यातायात खर्च | २,९४५/- | |
| १० | भाँडा वर्तन | ५,५३०/- | |
| ११ | ब्यानर | ३,१००/- | |
| १२ | औषधी खर्च | ४५०/- | |
| १३ | विविध खर्च | २,३०५/- | |
| | व्ययभन्दा आय बढी | १५,९६२/- | |
| | जम्मा | १,२९,८३८/ | १,२९,८३८/ |


## अनुरोध

यस परियत्ति बुलेटीन प्रत्येक तीन तीन महिनामा प्रकाशित हुने भएको हुँदा परियत्ति शिक्षाप्रति माया र सद्भाव राख्नु हुने श्रद्धालु दाता महानुभावहरुले एक एक अंक प्रायोजन गरी सहयोग गरिदिनु हुन सादर अनुरोध गरिन्छ।

# परियत्ति सहयोग

नेपाल बौद्ध परियत्ति शिक्षाको सम्पर्क सचिवालयबाट गत २०६१ सालदेखि परियत्ति सहयोगको रूपमा श्रद्धेय भिक्षुगण, श्रामणेरहरू, अनागारिका तथा अन्य शुभेच्छुक दाताहरूसँग न्यूनतम रू १०/- मासिक दरले रकम उठाउने अभियानमा सबैको सहयोग र सद्भाव प्राप्त भएको छ।

यस्तै गरी भिक्षु बोधिज्ञानमार्फत् भिक्षुगण तथा श्रामणेरहरू र अनागारिका ज्ञाणवती मार्फत् अनागारिकाहरूसंग उक्त सहयोग लिने कार्यमा सहयोग गर्नुभएको छ।

उक्त सहयोगबाट प्राप्त भएको रकम ने.बौ.प.शि.को विभिन्न शाखा केन्द्रहरूमा गएर अध्यापन कार्यमा संलग्न भएर परियत्ति शिक्षाको विकासमा लागीपरेका शिक्षक/शिक्षिकाहरूलाई सवारी साधन खर्च र खाजा खर्चको साथै अन्य आवश्यक क्षेत्रमा उपलब्ध गराउँदै जाने कुराको पनि सबैलाई जानकारी गराउन चाहन्छौं।

ने.बौ.प.शि. सम्पर्क सचिवालय परियत्तिको सहयोग पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छ।

भविष्यमा पनि यस्तै प्रकारको सहयोग र सद्भाव सबैबाट प्राप्त भइनै रहनेछ भन्ने आशा एवं विश्वास हामीले गरेका छौं।

**वि.सं. २०६१ सालमा सहयोग पुऱ्याउनु हुनेहरूको नामावली :**

| | | | |
|---|---|---|---|
| १. भिक्षु कोण्डन्य | बुद्ध विहार | ३००० | २५ वर्ष |

**वर्षको रू. १२०/- को दरले ५ वर्षको लागि सहयोग पुऱ्याउनु हुनेहरू (वि.सं. २०६१)**

| | |
|---|---|
| १. श्रामणेर नायको | मणिमण्डप विहार, पटको |
| २. श्रामणेर जवन | बुद्ध विहार |
| ३. श्रामणेर अनुयोग | बुद्ध विहार |
| ४. भिक्षु बोधिज्ञान | विश्व शान्ति विहार |
| ५. भिक्षु उदयभद्र | विश्व शान्ति विहार |
| ६. सुवर्ण कुमारी बज्राचार्य | कुपण्डोल, ललितपुर |
| ७. श्रामणेर जनक | विश्व शान्ति विहार |
| ८. मदनरत्न मानन्धर | सोह्रखुट्टे |
| ९. अनागारिका ज्ञाणवती | प्रज्ञानन्दाराम विहार |
| १०. अनागारिका सुजाता | नकबहिल |

**वर्षको रू. १२०/- को दरले २ वर्षको लागि सहयोग पुऱ्याउनुहुनेहरू (वि.सं. २०६१)**

| | |
|---|---|
| १. जुजुभाई तुलाधर | ज्ञानेश्वर, काठमाडौं |
| २. मंगललक्ष्मी तुलाधर | ज्ञानेश्वर, काठमाडौं |
| ३. कल्याण तुलाधर | ज्ञानेश्वर, काठमाडौं |
| ४. आनन्द तुलाधर | ज्ञानेश्वर, काठमाडौं |
| ५. संतोष तुलाधर | ज्ञानेश्वर, काठमाडौं |
| ६. रोमी तुलाधर | ज्ञानेश्वर, काठमाडौं |
| ७. रोमा तुलाधर | ज्ञानेश्वर, काठमाडौं |
| ९. रोशना तुलाधर | झ्वाबहाः, काठमाडौं |
| १०. अनागारिका चारूज्ञाणी | अमरापुर विहार, बुंगमती |
| ११. अनागारिका उपनन्दा | श्रीलंका |
| १२. अनागारिका चन्द्रशीला | प्रणिधिपूर्ण महाविहार |
| १३. अनागारिका रुपशीला | ताइवान |
| १४. अनागारिका सुखवती | श्रीलंका |
| १५. श्रामणेर सुख | प्रणिधिपूर्ण महाविहार |
| १६. अनागारिका अतुला | सुलक्षणकीर्ति विहार |
| १७. अनागारिका ध्यानवती | धर्मकीर्ति विहार |
| १८. अनागारिका सुप्रयावती. | धर्मकीर्ति विहार |
| १९. अनागारिका इन्दावती | धर्मकीर्ति विहार |
| २०. विजयरत्न तुलाधर | झ्वाबहाः, काठमाडौं |

**वर्षको रू. १२०/- को दरले १ वर्षको लागि सहयोग पुऱ्याउनु हुनेहरू (वि.सं. २०६१)**

| नाम र थर | ठेगाना |
|---|---|
| १. कमल चित्रकार | कोटेश्वर |
| २. श्रामणेर बुद्धदत्त | वि.शा.वि. |
| ३. श्रामणेर आलोक | वि.शा.वि. |
| ४. श्रामणेर सुप्पमेधो | वि.शा.वि. |
| ५. श्रामणेर वणित | वि.शा.वि. |
| ६. अनागारिका सुधम्मा | वि.शा.वि. |
| ७. श्रामढोर नेमिन्दो | वि.शा.वि. |
| ८. श्रामणेर सुख | वि.शा.वि. |
| ९. श्रामणेर राहुल | वि.शा.वि. |
| १०. श्रामणेर काश्यप | वि.शा.वि. |
| ११. श्रामणेर सुचित | वि.शा.वि. |
| १२. श्रामणेर नागित | वि.शा.वि. |
| १३. श्रामणेर विनय | वि.शा.वि. |
| १४. श्रामणेर धम्मघोष | वि.शा.वि. |
| १५. श्रामणेर आसभो | वि.शा.वि. |
| १६. श्रामणेर भानुसरणो | वि.शा.वि. |
| १७. श्रामणेर सद्धादिप | वि.शा.वि. |
| १८. श्रामणेर सुञ्ञालंकार | वि.शा.वि. |
| १९. श्रामणेर मेधियो | वि.शा.वि. |
| २०. श्रामणेर इन्द्रीयो | वि.शा.वि. |
| २१. लक्ष्मी महर्जन | बालाजु |
| २२. तारा डंगोल | चाबहिल |
| २३. अनागारिका खेमावती | धर्मकीर्ति विहार |
| २४. अनागारिका सुमेधावती | बुद्ध विहार, धरान |
| २५. अनागारिका चन्दाञाणी | झम्सिखेल |

**बि.सं. २०६१ को लागि एकमुष्ट रकम सहयोग पुऱ्याउनु हुनेहरू**

| नाम र थर | ठेगाना | रकम |
|---|---|---|
| १. अनागारिका सत्यवती | धर्मकीर्ति विहार | ५०० |
| २. गौतम महर्जन | ठेचो, ललितपुर | ५०० |
| ३. रत्नदेवी | | ४०० |
| ४. भिक्षु सुशिल | बुद्ध विहार | २०० |
| ५. चम्पा शाक्य | सामाखुशी | २०० |
| ६. मंगलसिंह तामाङ्ग | | २०० |
| ७. श्रामणेर नेमिन्दो | विश्वशान्ति विहार | २०० |
| ८. अनागारिका शीलगौतमी | | १८० |
| ९. अनागारिका क्षान्तीगौतमी | | १८० |
| १०. श्रामणेर सुजात | वि.शा.वि. | १५० |
| ११. प्रितमलाल प्रधान | ठमेल | १०५ |
| १२. मानशोभा शाक्य | ओकुबहाल | १०० |
| १३. कयो शाक्य | | १०० |
| १४. भिक्षु भद्दिय | यम्पि विहार | १०० |
| १५. चन्द्रबहादुर शाक्य | | १०० |
| १६. मथुरा कुमारी | | १०० |

| | | |
|---|---|---|
| १७. श्रामणेर सुजात | वि.शा.वि. | ८० |
| १८. मंगल अवाले | | ५० |
| १९. ओम | | ५० |
| २०. काजीरत्न | | ५० |
| २१. बेनाम | | ४० |
| २२. सुरेश कुमारसिंह सुवाल | | ४० |
| २३. निरण शाक्य | बनेपा | २८ |
| २४. श्रामणेर पदुम | वि.शा.वि. | २५ |
| २५. प्रेमलाल | | १० |
| २६. लामा गनबहिरा गुरुङ | | १० |
| २७. काइला लामा | | १० |
| २८. श्रामणेर पदुम | मणिमण्डप | १० |

## वर्षको रू. १२०/- को दरले १ वर्षको लागि सहयोग पुऱ्याउनुहुनेहरू (वि.सं. २०६२)

| नाम र थर | ठेगाना |
|---|---|
| १. मा. गुणवती | म्यानमार (बर्मा) |
| २. अ. रत्नमञ्जरी | धर्मकीर्ति विहार |
| ३. अ. धम्मवती | धर्मकीर्ति विहार |
| ४. अ. चमेली | धर्मकीर्ति विहार |
| ५. अ. सुचिता | |
| ६. अ. पटाचारा | कुंसावहाल |
| ७. अ. विजिता | इलाय्बही |
| ८. अ. संघशिला | बौद्ध समंकृत विहार |
| ९. अ. शीलाचारी | |
| १०. अ. निक्खमी | इलाय्बही |
| ११. अ. ञाणवती | प्रज्ञानन्दाराम |
| १२. अ. सुजाता | नकबहिल |
| १३. अ. संघवती | धर्मकीर्ति विहार |
| १४. अ. चन्द्रशीला | |
| १५. अ. मुदीता | प्रणिधिपूर्ण विहार |
| १६. अ. चन्द्रशीला | प्रणिधिपूर्ण विहार |
| १७. अ. खेमावती | धर्मकीर्ति विहार |
| १८. अ. श्रद्धावती | शंखमुल |
| १९. अ. दानवती | धर्मकीर्ति विहार |
| २०. अ. त्यागवती | धर्मकीर्ति विहार |
| २१. अ. चारूञाणी | अमरापुर विहार |
| २२. अ. अग्गञाणी | अ. बौद्ध भावना के. |
| २३. अ. वीर्यपारमी | ज्योति विहार |
| २४. अ. चित्तावती | जयमंगल विहार |
| २५. अ. मीना | श्रीकीर्ति विहार |
| २६. अ. नन्दावती | अ.बौ.भा.के. |
| २७. अ. विमलाञाणी | अ.बौ.भा.के. |
| २८. अ. कुसुम (धजवती) | बसुन्धरा धर्मकीर्ति विहार |
| २९. अ. निर्मलाञाणी | अ.बौ.भा.के. |
| ३०. अ. इन्दावती | धर्मकीर्ति विहार |
| ३१. अ. जयवती | धर्मकीर्ति विहार |
| ३२. अ. वीर्यवती | धर्मकीर्ति विहार |
| ३३. अ. सुभवती | धर्मकीर्ति विहार |
| ३४. अ. गौतमी | |
| ३५. अ. करूणावती | पद्मकीर्ति विहार |
| ३६. अ. ध्यानवती | धर्मकीर्ति विहार |
| ३७. अ. श्यामावती | |
| ३८. अ. भद्रावती | |
| ३९. अ. मा. सुभा | यशोधरा विहार |
| ४०. अ. मासुधा | यशोधरा विहार |
| ४१. अ. माश्रद्धा | यशोधरा विहार |
| ४२. अ. पभावती | |
| ४३. अ. सुशीलवती | |
| ४४. अ. मासुखी | यशोधरा विहार |
| ४५. अ. धम्मचारी | क्वाबहाल |
| ४६. अ. अमरावती | क्वाबहाल |
| ४७. अ. हेमावती | बसुन्धरा धर्मकीर्ति विहार |
| ४८. अ. अनुला | सुलक्षणकीर्ति विहार |
| ४९. अ. उत्पलवण्णा | शान्ति सुखावास |
| ५०. अ. सुरम्मावती | धर्मकीर्ति विहार |
| ५१. अ. रमावती | धर्मकीर्ति विहार |
| ५२. अ. सुप्रभावती | धर्मकीर्ति विहार |
| ५३. अ. पद्मावती | |
| ५४. अ. शीलगौतमी | |
| ५५. अ. उपेक्षागौतमी | ज्योति विहार |
| ५६. अ. क्षान्तीगौतमी | |
| ५७. अ. अभया | चंकी विहार |
| ५८. अ. पदुमञाणी | अमरापुर विहार |
| ५९. अ. पमीताञाणी | अमरापुर विहार |
| ६०. अ. पलिताञाणी | अमरापुर विहार |
| ६१. अ. रूपवती | अमरापुर विहार |
| ६२. अ. विमलानन्दी | |
| ६३. अ. शान्ती मंगला | |
| ६४. अ. अनु | |
| ६५. अ. शान्तीवती | |
| ६६. अ. प्रीतिवती | |
| ६७. अ. तेजावती | |
| ६८. अ. सुमना | |
| ६९. अ. श्रद्धाशीला | |
| ७०. अ. जिनवती | शाक्यसिंह विहार |
| ७१. अ. सुभा | विश्व शान्ति विहार |
| ७२. अ. सुधम्मा | विश्व शान्ति विहार |
| ७३. अ. खेमा | विश्व शान्ति विहार |
| ७४. अ. शोभावती | |
| ७५. अ. विरोशनी | |
| ७६. अ. उमावती | |
| ७७. अ. शीलवती | |
| ७८. अ. धरणी | शाक्यसिंह विहार |
| ७९. अ. यशवती | शाक्यसिंह विहार |
| ८०. अ. सुष्मा | शाक्यसिंह विहार |
| ८१. अ. अतुला | सुलणकीर्ति विहार |
| ८२. अ. वजिरा | शाक्यसिंह विहार |
| ८३. अ. सुनिता | अमरापुर विहार |
| ८४. अ. सत्यपारमिता | |
| ८५. अ. सुवण्णवती | धर्मकीर्ति विहार |
| ८६. अ. वण्णवती | धर्मकीर्ति विहार |
| ८७. अ. भावनावती | धर्मकीर्ति विहार |
| ८८. अ. अमता | धर्मकीर्ति विहार |
| ८९. अ. उत्तरा | |
| ९०. अ. सुचिता | |

## वर्षको रू. १२०/- को दरले १ वर्षको लागि सहयोग पुऱ्याउनुहुनेहरू (वि.सं. २०६२)

| | |
|---|---|
| १. श्रामणेर ओभासो | विश्वशान्ति विहार |
| २. श्रामणेर सुभद्धो | विश्वशान्ति विहार |
| ३. श्रामणेर उत्तमो | विश्वशान्ति विहार |
| ४. श्रामणेर महिन्दो | विश्वशान्ति विहार |
| ५. श्रामणेर वायामो | विश्वशान्ति विहार |
| ६. श्रामणेर नन्दियो | विश्वशान्ति विहार |
| ७. श्रामणेर आलोक | विश्वशान्ति विहार |
| ८. श्रामणेर सद्धादिप | विश्वशान्ति विहार |
| ९. श्रामणेर बुद्धदत्त | विश्वशान्ति विहार |
| १०. श्रामणेर चन्दिमो | विश्वशान्ति विहार |
| ११. श्रामणेर काश्यप | विश्वशान्ति विहार |
| १२. श्रामणेर नागित | विश्वशान्ति विहार |
| १३. श्रामणेर धम्मघोष | विश्वशान्ति विहार |
| १४. श्रामणेर विनय | विश्वशान्ति विहार |
| १५. श्रामणेर सुचित | विश्वशान्ति विहार |
| १६. श्रामणेर मिलिन्दो | विश्वशान्ति विहार |
| १७. श्रामणेर नेमिन्दो | विश्वशान्ति विहार |
| १८. श्रामणेर रोहितो | विश्वशान्ति विहार |
| १९. श्रामणेर मेघियो | विश्वशान्ति विहार |
| २०. श्रामणेर जयन्तो | विश्वशान्ति विहार |
| २१. श्रामणेर इन्द्रियो | विश्वशान्ति विहार |
| २२. श्रामणेर सुञ्ञालंकार | विश्वशान्ति विहार |
| २३. श्रामणेर जानेया | विश्वशान्ति विहार |
| २४. श्रामणेर कोसल्लो | विश्वशान्ति विहार |
| २५. श्रामणेर आदिच्चो | विश्वशान्ति विहार |
| २६. श्रामणेर ञाणुत्तरो | विश्वशान्ति विहार |
| २७ श्रामणेर भद्दको | विश्वशान्ति विहार |
| २८ श्रामणेर पभस्सरो | विश्वशान्ति विहार |
| २९ श्रामणेर उत्तर। | विश्वशान्ति विहार |

## आव्हान

विगत ४३ वर्ष अगाडिदेखि निरन्तररूपमा संचालन हुँदै आएको नेपाल बौद्ध परियत्ति शिक्षाको विकास र अभिवृद्धिको लागि तपाईहरूले निम्न प्रकारले सहयोग गर्नसक्नु हुनेछ :-

(क) प्रधान केन्द्रबाट हुने दीक्षान्त समारोह र शाखा केन्द्रहरूमा हुने पुरस्कार वितरण कार्यक्रममा सहयोग जुटाएर ।

(ख) विभिन्न ठाउँमा अध्यापन गराउन जाने परियत्ति शिक्षाको शिक्षक/शिक्षिकाहरूलाई गाडी भाडाको प्रायोजन गरेर ।

(ग) परियत्तिका विभिन्न तहका पाठ्यपुस्तकहरू प्रकाशन गरिदिएर।

(घ) परियत्ति सभाको सदस्य बनेर !

(ङ) विद्यार्थीहरूलाई पाठ्यपुस्तक तथा स्टेशनरीका सामानहरू उपलब्ध गराई हौसला बढाएर ।

(च) आ-आफ्नाबाल-बालिकाहरूलाई पायक पर्ने केन्द्रमा परियत्ति शिक्षा पढ्न दिएर ।

## बौद्ध परियत्ति शिक्षाका साधारण सदस्यहरु (२०६२ बैशाख १७ गते)

| सि.नं. सदस्यको नाम | ठेगाना |
|---|---|
| १. श्री सुवर्ण शाक्य | |
| २. श्री रत्नमाया शाक्य | ललितपुर, जावलाखेल |
| ३. श्री तारादेवी शाक्य | पाटन |
| ४. श्री इन्द्रलाल चित्रकार | टंगल, पाटन |
| ५. चमेली (अ. धम्मदिन्ना) | धर्मकिर्ति विहार |
| ६. न्हुच्छे रत्न शाक्य | न्यूरोड |
| ७. श्री जुजुभाई तुलाधर | न्यूरोड |
| ८. सुश्री सरिता तुलाधर | |
| ९. भिक्षु बोधिज्ञान | विश्वशान्ति विहार |
| १०. अ. ञाणशिला | शाक्यसिंह विहार |
| ११. अ. ञाणवती | प्रज्ञानन्दाराम |
| १२. अ. अग्गञाणि | |
| १३. सुश्री अमिता धाख्वा | पाटन |
| १४. श्री अरुणितारा बज्राचार्य | |
| १५. श्री ज्योति विहार परियत्ति केन्द्र | चापागाउं, ज्योति वि. |
| १६. अ. सुजाता | पाटन |
| १७. श्री प्रयागदत्त तिवारी | रोटरी क्लब, काठमाडौं |
| १८. श्री सानुराजा, शोभा शाक्य | ललितपुर |
| १९. श्री कमला तण्डुकार | ईखाछें |
| २०. श्री अनीरा तण्डुकार | बानेश्वर |
| २१. श्री संघरत्न शाक्य | भक्तपुर खमाबहाल १५ |
| २२. श्री सुचित्रमान शाक्य | |
| २३. श्री मन्दिरा ताम्राकार | |
| २४. श्री प्रयागदत्त तिवारी | |
| २५. श्री प्रदीपरत्न ताम्राकार | |
| २६. श्री सुमन तुलाधर | |
| २७. सविता धाख्वा | पाटन |
| २८. श्री दिलरत्न शाक्य | मीनभवन |
| २९. श्री त्रिरत्न मानन्धर | चसान |
| ३०. श्री राजेश शाक्य | |
| ३१. श्री प्रेमलाल श्रेष्ठ | नयां बानेश्वर |
| अ. उप्पलवण्णा | चाकुपात |
| श्रीमती रोहिणी मास्के | लाजिम्पाट |
| ३४. सुश्री वीणा कंसाकार | क्षेत्रपाटी |
| ३५. श्री काजीमान महर्जन | ललितपुर |
| ३६. श्री भाइराजा मानन्धर | क्षेत्रपाटी |
| ३७. श्री बेखाराज शाक्य | बालाजु |
| ३८. श्री शान्तरत्न शाक्य | भोटेबहाल |
| ३९. अ. श्रद्धावती | शंखमूल |
| ४०. सुश्री सुजाता मानन्धर | |
| ४१. श्रीमती गंगा श्रेष्ठ | |
| ४२. श्री पन्नारत्न तुलाधर | |
| ४३. श्री कर्मशोभा शाक्य | |
| ४४. श्री देशरत्न कंसाकार | असं वुछें |
| ४५. श्री जगतरत्न कंसाकार | नरदेवी काठमाडौं |

४६. श्री मदनरत्न मानन्धर
४७. श्रीमती कृष्णाकली शाक्य
४८. श्रीमती विमला बज्राचार्य — स्वयम्भू
४९. श्रीमती केशरी बज्राचार्य
५०. श्री कमला खड्गी
५१. भक्तदास मानन्धर — झोछें, काठमाडौं

## बौद्ध परियत्ति शिक्षाका विशिष्ट सदस्यहरुः

१. श्रीमती केशरी लक्ष्मी मानन्धर
२. श्री ठाकुरमान शाक्य
३. श्री भक्तिदास श्रेष्ठ
४. सुश्री कमला शाक्य
५. सुश्री नानीहिरा कंसाकार
६. श्रीमती दानलक्ष्मी कंसाकार
७. श्री पूर्णमान शाक्य
८. श्री केशरमान बज्राचार्य
९. श्री त्रिभूवनधर तुलाधर
१०. श्री प्रल्हादकृष्ण मानन्धर
११. श्री विजय बज्राचार्य
१२. श्रीमती प्रभावती स्थापित
१३. श्रीमती रीना तुलाधर
१४. श्री प्रेमसुन्दर तुलाधर
१५. श्री शरणलक्ष्मी कंसाकार
१६. श्री गिरिधर मानन्धर
१७. श्री ललितबीर सिं
१८. श्री रत्नमान शाक्य
१९. श्री पूर्णसिद्धि
२०. सुश्री मनोहरा देवी शाक्य
२१. श्री जीतबहादुर बज्राचार्य
२२. श्री नरेश बज्राचार्य
२३. मोतिलाल शिल्पकार
२४. श्रीमती प्रतिमा शाक्य
२५. श्रीमति दिव्यलक्ष्मी श्रेष्ठ (स्व. नीताकेशरी श्रेष्ठको नाममा)
२६. रत्नमाया शाक्य
२७. अनागारिका धम्मवती

## बौद्ध परियत्ति सभाका विशिष्ट सदस्यहरु

१. श्रीमती चन्द्रदेवी शाक्य — पुल्चोक, ल.पु.
२. दयालक्ष्मी खड्गी — कुमारीपाटी,
३. श्रीमती शान्तिदेवी कंसाकार — क्षेत्रपाटी
४. श्री जीवरत्न स्थापित (गुलपा दाता) — बागबजार
५. सुश्री रेणुका मानन्धर — अट्को नारायणस्थान
६. भिक्षु कोण्डन्य
७. बुद्धविहार संरक्षण समिति — बुद्ध विहार, भृकुटीमण्डप
८. सुनकेशरी श्रेष्ठ — बनेपा
९. श्रीमती केशरी लक्ष्मी मानन्धर

## बौद्ध परियत्ति शिक्षाका असाधारण सदस्यहरु

१. श्रीमती मीरा ज्योति
२. अनागारिका अनुपमा
३. शकुन्तला प्रधान

## बौद्ध परियत्ति शिक्षाका असाधारण सदस्यहरु

१. श्री हरि महर्जन — खुमलटार
२. श्री प्रकास बहादुर मानन्धर

## बौद्ध परियत्ति शिक्षाका अतिविशिष्ट सदस्यहरुः

१. श्री द्रव्यमानसिंह (भाइराजा) तुलाधर
२. श्रीमती केशरीलक्ष्मी कंसाकार
३. श्री पद्मज्योति

## बौद्ध परियत्ति शिक्षाका दाताहरु

| | |
|---|---|
| १. श्रीमती केशरीलक्ष्मी कंसाकार | तृतीय प्रबेश शिक्षा भाग १ |
| २. श्री केशरमान बज्राचार्य | द्वितीय प्रवेश शिक्षा भाग ३ |
| ३. श्री शरणलक्ष्मी कंसाकार | प्रथम प्रवेश शिक्षा भाग ३ |
| ४. रत्नमाया शाक्य | द्वितीय प्रबेश शिक्षा भाग १ |
| ५. पुस्तक प्रकाशनार्थ स्व.तुल्सीदास खड्गीको पुण्यस्मृतिमा भरत, लक्ष्मण, राम, रुपकुमार खड्गी, लाजिम्पाट परिवार | बौद्ध जगतका प्रसिद्ध व्यक्तित्वहरु |
| ६. श्री कुलनरसिंह शाक्य, नकबहिल, ललितपुर | तृतीय प्रबेश शिक्षा भाग ४ |
| ७. भिक्षु बुद्धघोष प्रकाशन समिति, सुमंगल विहार | न्हयसःपौ मुना |
| ८. मोतिलाल शिल्पकार, लोकेश्वर टोल, जावलाखेल, ललितपुर | प्रथम प्रवेश शिक्षा भाग १ र तृतीय प्रवेश शिक्षा भाग २ |

**थः मस्तयत बौद्ध परियत्ति शिक्षा ब्वंका नैतिकवान् , सच्चरित्रवान् यानादिसँ, थः नं मेपिंत नं भिं जुइगु कर्म यानादिसँ ।**

*नेपाल बौद्ध परियत्ति शिक्षा .*

# "पहिलो बौद्ध परियत्ति सन्निपात - २५४९" को लागि प्राप्त आर्थिक सहयोग सम्बन्धी सूची

| क्र.सं. | नाम थर | ठेगाना | रकम |
|---|---|---|---|
| १ | बौद्ध महिला संघ नेपाल | | १,५००/- |
| २ | वीणा कंसाकार | क्षेत्रपाटी | ८,००/- |
| ३ | मदन बहादुर तुलाधर | | ६,५०/- |
| ४ | अ. धम्मवती | | १,५००/- |
| ५ | अ. मा. गुणवती | धर्मकीर्ति विहार | ११,००/- |
| ६ | हेरादेवी शाक्य | बौद्ध | ५,००/- |
| ७ | प्रेमलाल श्रेष्ठ | नयाँ बानेश्वर | ५,००/- |
| ८ | सानु महर्जन | | १२०/- |
| ९ | भगवती जकःमि | | १५०/- |
| १० | विजय बज्राचार्य | | २,००/- |
| ११ | मोतिलाल शिल्पकार | जवलाखेल | ६,९६०/- |
| १२ | परोपकार उच्च मा.वि. | भिमसेनस्थान | १,०००/- |
| १३ | भिक्षु कुमारकाश्यप महास्थविर | आनन्दकुटी विहार | ५,००/- |
| १४ | पञ्चवीरसिं/पुष्पादेवी तुलाधर | लाजिम्पाट | ३,०००/- |
| १५ | जमुना मानन्धर | लायकू साः | ३,००/- |
| १६ | रत्ना कसाः | केलटोल | २७५/- |
| १७ | नारायणदेवी मानन्धर | खुसिबुं | २४०/- |
| १८ | शान्ति मानन्धर | अनामनगर | २,००/- |
| १९ | निमोन महर्जन | ज.सु. ब्वनेकुथी | ७५/- |
| २० | गंगा मानन्धर | ठमेल | ५,००/- |
| २१ | भाइराजा तुलाधर | | १९,०००/- |
| २२ | प्रेमशोभा भोजन पुचः | विश्वशान्ति | २,५००/- |
| २३ | रत्नदेवी धाख्वा व अष्टरत्न धाख्वा | नागबहाल | ५,००/- |
| २४ | संघरत्न मानन्धर परिवार | चसान | २,०००/- |
| २५ | यमदास मानन्धर | वटु | २,०००/- |
| २६ | जगतमाया मानन्धर | चसान | २,०००/- |
| २७ | चिनीमैया मानन्धर | चसान | ३,००/- |
| २८ | रूद्रबहादुर खड्गी | चसान | ७,०००/- |
| २९ | राहुल कंसाकार | क्षेत्रपाटी | २,००/- |
| ३० | आनन्दकुटी विहार गुठी | स्वयम्भू | १,०००/- |
| ३१ | हिरालाल नकर्मी | मैतीदेवी | १,०००/- |
| ३२ | प्रकाश/ताराशोभा तुलाधर | श्रीघः | २,०००/- |
| ३३ | ठाकुरमान शाक्य | जावलाखेल | ३,०००/- |
| ३४ | आनन्दकुटी विहारय् बाखं | | ८,५००/- |
| ३५ | काजीमान महर्जन | गःछें | १,०००/- |
| ३६ | पूर्णबहादुर मानन्धर | चसान | २,०००/- |
| ३७ | त्रिरत्न तुलाधर | ख्यः क्यवः | ५,००/- |
| ३८ | डा. बज्रराज शाक्य | ललितपुर | ५०/- |
| ३९ | अनुजसुन्दर तुलाधर | पुतलीसडक | १,०००/- |
| ४० | गुह्यश्वरी महर्जन | कीर्तिपुर | ५००/- |
| ४१ | माया तुलाधर | तीनधारा | १,५००/- |
| ४२ | उपेन्द्रमुनी बज्राचार्य | तनबाहा | ५०५/- |
| ४३ | अ. इन्द्रावती | धर्मकीर्ति | ५०५/- |
| ४४ | भिम शाक्य | यतालिबि, यल | ५००/- |
| ४५ | धर्मकीर्ति विहार | | २,०१०/- |
| ४६ | हरि महर्जन | सतःक्व, कीर्तिपुर | ५०५/- |
| ४७ | हिराकाजी अवाले | बालकुमारी | ५००/- |
| ४८ | मंगललाल अवाले | च्यासल | ५००/- |
| ४९ | इन्द्रकुमारी महर्जन | बालकुमारी | ५००/- |
| ५० | सानुलाल अवाले 'ख' | च्यासल | ५०० - |
| ५१ | सानुलाल अवाले 'ख' | च्यासल | ५०० - |

## *जिन्सी सामानको सहयोग गर्ने दाताहरू :-*

| | | |
|---|---|---|
| १) दूध २५० वटा | - | कविराज शाही, ललितपुर |
| २) हलुवा ४० के.जी. | - | जुलुमकृष्ण शिल्पकार, ललितपुर |
| ३) पाउरोटी र ककिज | - | घनश्याम राजकर्णिकार, कृष्ण पाउरोटी |
| ४) चिया र चिनी | - | सुश्री शकुन्तला प्रधान, ठमेल |
| ५) तेल १ टिन | - | तीर्थबहादुर मानन्धर, चसान |
| ६) भान्छाको भाँडाकुडा | - | चसान मानन्धर परिवार |
| ७) भान्छाको भाँडाकुडा ढुवानी | - | चन्द्र बहादुर मानन्धर, चसान |
| ८) सामान ढुवानी -काठमाडौंको, कीर्तिपुर बाहेक) | - | ज्योति परिवार, ज्योति भवन |
| ९) मेठीको अचार (भोजन) | - | जुजुभाइ तुलाधर, कालोपुल |
| १०) ४ वटा पाल, २०० वटा मेच, १५ वटा टेबुल, हटडिस ३ वटा | - | रवि सिखाकार, टेबहाल |
| ११) टिकट १६०० प्रति छपाई | - | न्यू नेपाल प्रेस |
| १२) सन्निपात प्रशंसा पत्र छपाई | - | सुभाष प्रिन्टिङ्ग प्रेस |
| १३) सन्निपात सन्देश स्टीकर छपाई | - | मुनिज बज्र पिन्टिङ्ग प्रेस |

१४) विशेष सहयोग -

(क) बुद्ध विहार, भृकुटीमण्डप

(ख) विश्व शान्ति विहार

(ग) श्रीकीर्ति विहार

*(नोट : यस सूचिमा दाताहरूको नाम, ठेगाना सिलसिलेबार राख्न नसकेकोमा क्षमा प्रार्थी छौं । भूलवश कसैको नाम छुट्न गएको भए यस बुलेटिनको आगामी अंकमा प्रकाशित गरिनेछ ।)*

"अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित"

# नेपाल बौद्ध परियत्ति शिक्षा

बु.सं.२५४९ (बि.सं. २०६२)

## परीक्षा तालिका

परीक्षा दिन :- २०६२ चैत्र १९ गते देखि २०६२ चैत्र २९ गते सम्म

उपाधि परीक्षा (कक्षा-७) देखि कोविद अन्तिम वर्ष (कक्षा-१०) सम्म

समय :- विहानको ७:०० – १०:०० बजे

| कक्षा | १९ गते शनि | २१ गते सोम | २३ गते बुध | २५ गते शुक्र | २७ गते आइत | २९ गते मंगल |
|---|---|---|---|---|---|---|
| १. उपाधि परीक्षा | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | |
| २. कोविद प्रथम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| ३. कोविद मध्यम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| ४. कोविद अन्तिम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |

परीक्षा दिन :- २०६२ चैत्र २६ गते देखि २०६३ वैशाख १ गते सम्म

प्रारम्भिक प्रथम वर्ष (कक्षा-१) देखि प्रवेश तृतीय वर्ष (कक्षा-६) सम्म

समय :- विहानको ७:०० – १०:०० बजे

| कक्षा | २६ गते शनिबार | २८ गते सोमबार | ३० गते बुधबार | १ गते शुक्रबार |
|---|---|---|---|---|
| १. प्रारम्भिक प्रथम वर्ष | प्रथम पत्र | | | |
| २. प्रारम्भिक द्वितीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ३. प्रारम्भिक तृतीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ४. प्रवेश प्रथम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ५. प्रवेश द्वितीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ६. प्रवेश तृतीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र |

## परीक्षा सम्बन्धी अन्य जानकारीहरू :-

* परीक्षा प्रवेश शुल्क
  - (क) प्रा.प्र.वर्ष (कक्षा १) देखि प्र.तृतीय वर्षसम्म प्रतिपत्रको रू.१०/-
  - (ख) सद्धम्मपालक उपाधि – कोविद अन्तिम वर्ष (कक्षा १०) सम्म प्रतिपत्रको रू.१५/-
* परीक्षाको आवेदन फाराम वितरण – वि.सं.२०६२ साल पुष ५ गतेदेखि ।
* आवेदन फाराम बुझाइसक्नुपर्ने – माघ मसान्तभित्र ।
* ढीलो दस्तुर सहित आवेदन फाराम बुझाउन सक्ने मिति – फागुन १० गतेसम्म मात्र ।
* प्रवेश-पत्र (अधकट्टी) वितरण – फागुन १५ गते ।
* परीक्षार्थी नामावली र प्रवेश-पत्रमा त्रुटी सच्याई सक्नुपर्ने – फागुन २२ गतेभित्र ।
* वि.सं.२०६३ साल वैशाख २५ गते सन्ध्या टाइम्स् दैनिकमा नतिजा प्रकाशन गर्ने ।
* परीक्षा माध्यम – नेपाल भाषा र नेपाली
* मौखिक परीक्षा व्यवस्था – प्रारम्भिक तृतीय वर्ष (कक्षा ३) सम्म ।
* सद्धम्मपालक उपाधि (कक्षा ७) देखि कोविद अन्तिम वर्ष (कक्षा १०) सम्म ऐच्छिक विषय – पाली भाषा/अभिधर्म

सहयोगार्थ रु ५/- मात्र

नेपाल बौद्ध परियत्ति शिक्षाको सम्पर्क सचिवालयबाट प्रकाशित, ठेगानाः विश्व शान्ति विहार, मीनभवन, काठमाडौं
पो.ब.नं - ८९७३, एन.पी.सी. - ३२७, फोन नं. ४-४८२९८४/४-४८२२५० (+Fax)
सम्पादक : भिक्षु बोधिज्ञान, प्रबन्ध सम्पादन : त्रिरत्न मानन्धर सम्पादन सहयोगी : बासुदेव देशार विशेष सहयोगी : भिक्षु संघरक्षित
कम्प्युटर सेटिङ्गः राम कृष्ण देशार,